नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- ५०

मितिः २०७७/०५/१९

विषयः जानकारी सम्बन्धमा ।

श्री गाउँपालिका (सबै)
श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका (सबै) ।

ढुंगा, गिट्टी, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी प्राकृतिक पदार्थहरुको सङ्कलन, उत्खनन् तथा बिक्रीको व्यवस्थापनको लागि **"ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** मिति २०७७/०४/०५ को नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट स्वीकृत भई हाल कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ । सो सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ का केही व्यवस्था बाझिएको तथा द्विविधा उत्पन्न भएको भन्ने विषयमा कतिपय स्थानीय तहहरुबाट स्पष्टताका लागि अनुरोध भएको हुँदा प्रस्तुत पत्र प्रेषित गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ लाई मिति २०७५/०३/३२ गते जारी आर्थिक ऐन, २०७५ को दफा ३४ ले खारेज गरी नेपाल राजपत्रमा समेत प्रकाशन भईसकेको तथा कानून किताब व्यवस्था समितिबाट प्रकाशित ऐन संग्रहमा समेत उक्त दफा हटाई प्रकाशन भईसकेको हुँदा हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ कार्यान्वयनमा नरहेको व्यहोरा मन्त्रालयको मिति २०७७/०५/१७ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

२०७७/०५/१९
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।